कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

रोजगार सेवा केन्द्र

Google Plus Code

5MXQ+5CJ Kohalpur

प.सं.: २०८०/०८१

च.नं.:

## बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने कल्याणकारी सेवा सम्बन्धी सूचना !

## सूचना प्रकाशन मिति २०८०/०४/१६

श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गएका कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु, अंगभंग वा गम्भीर बिरामी भएका घटना घटेको मितिले एक वर्षभित्र बैदेशिक रोजगार बोर्डबाट नियमानुसारको आर्थिक सहायता र अन्य कल्याणकारी सेवाका लागि बोर्ड सचिबालयमा वा स्थानीय तह मार्फत तोकेको ढाँचामा आवश्यक कागजपत्रहरु सहित निवेदन दिन सक्ने व्यवस्था रहेको छ। तपसिल वमोजिमका बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने कल्याणकारी सेवाका लागि यस कोहलपुर नगरपालिकाको रोजगार सेवा केन्द्र मार्फत निवेदन दिन सकिने व्यवस्था रहेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. मृतकको शव नेपाल झिकाउने,

२. शव ढुवानीः श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गएका कामदारको शव नेपालको त्रिभुवन विमानस्थल देखि घरसम्मको (मोटर पुग्ने स्थान सम्म) निःशुल्क शव ढुवानी गर्ने,

३. मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता दिने,

४. कामदार बिरामी वा अंगभंग भएमा पाइने आर्थिक सहायता,

५. कामदारको परिवारका सदस्यलाई अल्जाइमर, मृगौला फेल, क्यान्सर, मुटु सम्बन्धी रोग र पार्किन्सन रोग भएमा प्रदान गरिने औषधी उपचार सहयोग,

६. कामदारको उद्दार तथा खोजतलास

पुनश्चः थप जानकारीका लागि रोजगार सेवा केन्द्र (९८५८०५२३६४) मा सम्पर्क गर्नुहोला।

२०८०।४।१६

..............................

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत